# १५. श्री ध्रुवचन्द्र गौतम

*[संवत् २०४१ साल आश्विन १३ गते रोज ७ का दिन आयोजित समारोहमा 'अलिखित' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४० सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री ध्रुवचन्द्र गौतमले ग्रहण गरेपछि व्यक्त गर्नु भएको उद्‌गार। यो उद्‌गार नेपाली त्रैमासिक अङ्क १०० बाट उद्‌धृत गरिएको हो।]*

मदन पुरस्कार संस्थापिका सम्माननीया रानीसाहेब, गुठीका विद्वान् सदस्यहरू, अग्रज तथा साथी साहित्यकारहरू, अन्य आदरणीय महिला तथा सज्जनवृन्द !

आजको समारोहमा 'अलिखित' उपन्यासको सन्दर्भलाई स्पर्श गर्दै म उपन्याससम्बन्धी आफ्ना केही धारणाहरू यहाँ अभिव्यक्त गर्नु प्रासङ्गिक ठान्दछु।

दुनियाँको वातावरणमा जबदेखि मैले आफूसँग परिचय गरें तबदेखि एउटा दरिद्र, असहाय र हताश गाउँ म आँखा उघार्दा आफू वरिपरि र आँखा चिम्लिँदा आफूभित्र देख्ने गर्थे। कुनै नदीको किनारामा त्यस गाउँलाई सधैं उभिएको पाउँथे, जसको नाउँ थियो, 'बिरहिनपुर बरेवा'। एउटा गाउँ, जो किंवदन्ती लिएर बाँचेको थियो, पछि आफैं किँवदन्ती बन्न पुग्यो। एउटा गाउँ, जसलाई भोग्नु सुखद थिएन, तर आत्मीय भने थियो। त्यो गाउँ जहाँ सहनु नै बाँच्नु थियो, किनभने त्यहाँ जीवनलाई बाँच्नु होइन, सहने गरिन्थ्यो, ओसार्ने गरिन्थ्यो। चित्कार नै जहाँको भाषा हुन्थ्यो र शुष्कता नै जहाँको स्वप्न थियो, म जहिले पनि देख्दथें, त्यस गाउँप्रति ममा आर्द्रता र तनाव सँगसँगै उत्पन्न हुने गर्थे। त्यहाँ मानिस शिर निहुराएर आउँथे र शिर निहुराएर जान्थे। एउटा दृश्य, जसमा जीवनलाई, ठाउँ ठाउँमा फाटेकाले, गाँठो पारेर बेरेका छन्, खापेका छन्। म देख्थें, तिनको आवाजमा एकलासपना छ, परिश्रममा प्राप्तिभन्दा बढी उमेर खर्च हुने अत्यास छ। गीतमा पीडाको कण्ठ रुघिन्छ। खुशीमा खस्रो टाटलाई नाङ्गो जीउमा स्पर्श गराउनुको अनुभव छ। त्यहाँ, कहाँ छ खोज जीवनको ? छ भने केका लागि, यही थाहा छैन। तिनीहरू गरिबीको रेखा भन्ने बुझ्दैनथे, किनभने त्यो तिनीहरूभन्दा धेरै माथि कोरिएको हुन्थ्यो। विद्रोह र क्रान्तिसँग तिनीहरूको शाब्दिक परिचय पनि थिएन किनभने यी कुराहरू सहज

ज्ञानबाट होइन, चेतनशीलताबाट जन्मिन्छन्, जसको मुहानमा शताब्दीयौंदेखि बाँध बाँधिएको थियो । जीवनमा प्रवाह थिएन, नदीमा थियो; उज्यालो केवल कहिलेकहीं चम्किने बिजुली, सूर्य र चन्द्रमामा हुन्थ्यो, तिनका आँखामा थिएन । को हो, जसले तिनको जीवन सोसेको छ, यस्तो प्रश्न उठ्ने गर्थ्यो । कुनचाहिँ षड्यन्त्रको सिकार भएका हुन् तिनीहरू ? कसरी तिनीहरूले बाहिरी क्रूरता, धरमपुर र आन्तरिक सङ्कट दोरहन्तललाई एकै पटक फेल्नु परिरहेको छ । मलाई त्यो सङ्कट अहिले पनि एउटा मानवीय संकट लाग्दछ । जहाँ मान्छेले मान्छे भएर बाँच्नमा सबभन्दा ठूलो तगारो स्वयं मान्छे बनेको छ, त्यहाँ अन्य सारा प्रश्नहरू एक विशाल प्रश्नभित्र अटाएका हुन्छन् । मेरो लागि सबभन्दा ठूलो प्रश्न मुक्ति हो, स्वतन्त्रताको हो, चाहे त्यो, जुनसुकै स्तरमा होस् । म पछि पनि आफूलाई र आफ्नो लेखनद्वारा देश र दुनियाँलाई सोध्न चाहन्थेँ, के त्यो गाउँको मुक्ति सम्भव छ ?

यस प्रश्नको उत्तर खोज्दा खोज्दै, म एउटा व्यापक तलाससँग जोडिँदै गएँ । यो खोज-यात्रा तबदेखि नै सुरु भएको थियो, जबदेखि मैले आफ्नो लेखनलाई यस्तो फरक यथार्थको बाटोमा हिँडाउनका लागि एउटा अलग्ग किसिमको कथ्य र रूपमा अभिव्यक्त गर्ने प्रयत्न गरेँ । विधाको स्वीकृत स्वरूप हाम्रो सहज चेतनलाई बढी परिचित र ग्रहणयोग्य लाग्दछ र एउटा नवीन रूप अपरिचित लाग्दछ अनि तत्काल ग्राह्य लाग्दैन । त्यसमाथि प्रयोगको स्वरूप एउटा समग्रतामा निर्मित छ भने त्यसले स्थापित हुनका लागि झन् कठिन सङ्घर्ष गर्नुपर्ने हुन्छ, किनभने विधासम्बन्धी हाम्रो पूर्व-धारणा र समकालीन लेखनको दूरी अझै विस्तृत बनेको हुन्छ । तर आज सम्पूर्ण विश्वमा नयाँ युगको नयाँ लेखनको प्रभुत्व छ । भाषाका सौन्दर्यबोधी आदर्शहरू तोड्दै, कथा, कविता, उपन्यास र नाटक सबैमा कथ्यको र रूपको नवीनताप्रति आग्रह बढ्दै गएको देखिन्छ । आख्यानमा कथावस्तु वा पात्रलाई चित्रणको वैचित्र्यद्वारा स्वीकृत धारणामा जड्ने लेखन पुरानो मानिन थालेको छ । त्यसै गरी समकालीन विश्व आख्यानमा भाषाशैलीलाई सौन्दर्यबोधी काव्यमा लटपटयाएर प्रस्तुत गर्नुभन्दा एउटा अनौपचारिक तर तीक्ष्ण अभिव्यक्तिको मध्यम बनाएर यथार्थको सूक्ष्मता व्यक्त गर्ने प्रयत्न गरिँदै छ । यस्तो परिस्थितिमा, मैले प्रयत्न गरेको हुँ, म पनि नेपाली उपन्यास वा आफूले लेख्ने गरेको अन्य विधालाई सकेसम्म समकालीन बनाउँ र त्यसलाई विश्व-स्तरतर्फ गुडाउने जोर गरूँ, पछिल्तिर घचेट्दै त्यसलाई अतीततर्फ लगेर एउटा रूढ विधामा परिणित गराउनतिर नलागूँ । एउटा इमानदार लेखकका नाताले मेरो पहिलो इमान्दारी र उत्तरदायित्व स्वयं मैले लेख्ने विधाप्रति नै छ । किनभने यसैका माध्यमले मेरो सामाजिक र साहित्यिक प्रतिबद्धता झल्किन्छ । त्यसकारण विधालाई जीवित र गतिशील बनाउने हो भने हामीले आजको यथार्थ र त्यसलाई अभिव्यक्ति दिन संवेदना र कल्पनाको घनिभूत प्रयोगका साथै नयाँ भाषा, शैली र प्रविधिका परिचय र खोज गर्नै पर्छ, तर मौलिकतासहित । यही, आफ्नो समयमा,

साहित्यकारका तवरले समाजलाई हाम्रो योगदान हुन सक्छ भन्ने लाग्दछ । यसमा जसरी कतिपय मेरा अग्रज लेखकहरू प्रयत्नशील थिए र छन्, कति मेरा समकालीनहरू प्रतिवद्ध रहेका देखिन्छन् र कतिपय मपछि आउने प्रतिभाशाली लेखक-कविहरू जागरुक छन्, म पनि त्यसै गरी आफूलाई समर्पित गर्न चाहन्छु ।

त्यसै चाहनाको एउट परिणाम हो 'अलिखित' उपन्यास पनि । यसमा मैले त्यही तनावबाट मुक्ति पाउने प्रयास गरेको छु जुन तनाव विरहिनपुर बरेवाको जीवनले र त्यसको मुक्तिको खोजले मभित्र जन्मेको थियो । उपन्यासमा गाउँको मुक्ति एउटा विडम्बनाका रूपमा देखा पर्नेछ भने, त्यसका जरो हामीले कतै हाम्रो सम्पूर्ण यथार्थमा खोज्नुपर्ने हुन्छ । धरमपुर र विरहिनपुर बरेवा काल्पनिक गाउँ हुन सक्छन्, तर तिनको यथार्थ काल्पनिक होइन । त्यो यति व्यापक छ कि, बिरहिनपुर बरेवा, म हुन सक्छु वा कुनै राष्ट्र हुन सक्छ, जहाँ अर्थ र निरर्थकताका विसङ्गत खेलहरू विभिन्न स्तरमा चलिरहेका हुन्छन् । कथ्यअनुरूपका भाषा, शैली र शिल्पको निर्माण गर्ने प्रयत्नमा 'अलिखित' मा कल्पना र यथार्थको मिश्रण, प्रतीक, स्वैर कल्पना र मिथक, व्यङ्ग्य र विद्रूपता, सामाजिक र अस्तित्वगत विसङ्गति आदिको प्रयोग पाइन्छ, जुन मेरो लेखनको प्रवृत्ति पनि हो । त्यसै अर्थमा यसलाई प्रयोगात्मक आञ्चलिकताको उपन्यास भनिएको छ । यस्तो प्रकारको लेखनलाई पुरस्कृत गरेर, मदन पुरस्कार गुठीले नयाँ लेखनलाई मान्यता दियो । यसरी गुठीले आफ्नो परिचय झन् फराकिलो पारेको छ । त्यसका लागि म गुठीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

पुरस्कार संस्थापिकाको प्रशंसामा मैले यहाँ केही बोल्नु आवश्यक देखिनँ किनभने गत सत्ताइस वर्षदेखि नेपाली भाषाप्रेमी सबैले उहाँको प्रशंसा गरिआएका छन् जो योग्य पनि छ ।

धन्यवाद !

⊠ ⊠ ⊠